# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड १ मण्डनदेउपुर, फागुन १६ गते, २०७४ साल संख्या २३


## भाग २

### मण्डनदेउपुर नगरपालिका

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७४

*नगरकार्यपालिकाबाट स्वीकृत मिति:२०७४।११।२७*
*प्रमाणित मिति: २०७४।१२।२*

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ (न) ६ बमोजिम विपद व्यवस्थपन कोषको स्थापना र संचालन गर्न, दफा १०२ ले दिएको अधिकार प्रयोग गरि परिच्छेद १० दफा ७० बमोजिम यस मण्डनदेउपुर नगरपालिकाको स्थानीय संचित कोषबाट केहि रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार

संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नगर कार्यपालिकाले नगरपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, कलेजो, ब्रेन टियुमर, जटिल क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आकस्मिक कोष वाञ्छनिय भएकोले स्थापना गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ भन्ने बुझ्नुपर्छ ।

ख. कोष भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले नगरकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. आकस्मिक कार्य भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, मृगौला, कलेजो, ब्रेन टियुमर, जटिल क्यान्सर

जस्ता जोखिमपुर्ण रोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. आकस्मिक कोषमा जम्मा गरिएको रकम**

४.१ नगरपालिकाको संचित कोषबाट पहिलो पटक रु २०००००० झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिनेछ । प्रत्यक वर्ष नगर सभाले वजेट विनियोजन गरे बमोजिमको रकम कोषमा थप्दै लान सकिने छ ।

## परिच्छेद २

## कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**५. अवधारणा**

मण्डनदेउपुर नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सर्जित विपदबाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अंग भंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृजित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंग भंग भएकाहरुलाई

तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्यहरु गर्ने,

**८. नीति**

८.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

८.२ नगरपालिकाको कार्यक्षेत्र भित्र भई परि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

८.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न नेपाल सरकारले अनुदान दिने रोगीहरु, दुर्घटनामा परी अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था**

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिका स्वयमले व्यवस्थापन गर्नेछ ।

९.२ विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोष बाट रकम खर्च गरिनेछ ।

९.३ पिडित व्यक्तिले रकम प्राप्त गर्न अनुसुची १ बमोजिमको कागजात पेश गर्नु पर्ने छ ।

९.४ तोकिएका गम्भिर प्रकृतिका रोगको हकमा राहत स्वरुप पिडितलाई वार्षिक रु ५०००।- र प्राकृतिक प्रकोपको हकमा प्रकृति हेरि कार्यपालिकाको निर्णय वमोजिम एक घटनामा प्रति परिवार, व्यक्ति वा संस्थालाई पुनस्थापन स्वरुप बढिमा रु १५०००।- सम्म प्रदान गर्न सकिने छ । मण्डनदेउपुर नगरपालिका स्थानीय विपद जोखिम न्यूनिकरण व्यवस्थापन कार्यविधि, २०७५ मा व्यवस्था भएको तपशिलका विषयमा निम्न बमोजिम हुनेछ ।

क. गोठ क्षति भई पशुधन मरेमा रु ५०००।

ख. घर आँशिक क्षति भई घाइते भएमा रु ५०००।

ग. घर पूर्ण क्षति भई बस्न नमिल्ने भएमा वा अंगभंग भएमा रु १००००।

घ. प्रकोपमा परि मानवीय क्षति भएमा रु १५०००। राहत उपलब्ध गराई उद्धार गर्ने ।

९.५ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोष बाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### १०. कोषको वित्तिय व्यवस्थापन

१०.१ कोषमा देहायका रकमहरु रहने छन :

क) नगर सभा बाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरु बाट कोषलाई प्राप्त हुने रकम ,

### ११. कोषको आर्थिक व्यवस्था

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

### १२. प्रशासनिक व्यवस्था

कोषको प्रशासनिक तथा आर्थिक कारोवार नगर कार्यपालिकाको कर्मचारीबाट संचालन गरिनेछ ।

## परिच्छेद ५

## विविध

### १३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने

नगरपालिकाले नगरसभा बाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ । एक आर्थिक वर्षको अन्त्यमा कोषमा बाँकी रकम मुल कोषमा फिर्ता नलगी यसै कोषमा संचित रुपमा राखिने छ ।

## १४. जाँच पास तथा फरफारक

कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

## १५. कार्यविधिको संशोधन

यस कार्यविधिलाई नगरकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

## १६. बचाउ र खारेजी

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन सँग बाभिऽन गएमा बाभिऽएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा नगर कार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व नगर कार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

# अनुसुची १

यस कोषबाट राहत पाउन पिडित व्यक्तिले निवेदन साथ निम्न कागजात पेश गर्नु पर्ने छ ।

१. यस नगरपलिकाको नागरिक भएको खुल्ने कागजात ।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

३. नगर कार्यपलिकाको राहत उपलब्ध गराउने निर्णयको प्रतिलिपिको साथमा नगरपालिकाको प्रमुखको सिफारिस ।

४. प्राकृतिक प्रकोप तथा दुर्घटनाको हकमा घटना घटेको ३५ दिन भित्र सम्वन्धित प्रहरी कार्यालयको मुचुल्का सहित मुचुल्का पेश गर्नु पर्ने ।

५. तोकिएको गम्भिर रोगको हकमा सरकारी अस्पतालको न्युनतम :ह्यह्यक डाक्टरको सिफारिस ।

**आज्ञाले,**
**(भीमकान्त शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**